स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेताद्वय आकाश श्रेष्ठ र सलोन बस्नेतको पहिलो सहकार्य रहेको फिल्म 'हिँड्दा हिँड्दै'ले आगामी भदौ १ गतेबाट प्रदर्शन थाल्ने भएको छ । नयाँ प्रदर्शन मिति घोषणासँगै फिल्मको पोस्टर पनि सार्वजनिक गरि एको छ । फिल्ममा आकाश र सलोनसँगै रेखा शाह, सानिया खान, विकास थापा मगर, विमल श्रेष्ठ, बाल कलाकार अर्विन थिङ्लगायतको अभिनय छ । मिलन आले मगरको निर्देशन रहेको फिल्ममा सुशील पंगेनीको लेखन छ ।

आजको विचार...



प्रकाश राई

नेपालमा... (दुई पेजमा)



भर्सटायल अभिनेता सौगात मल्लले फिल्म 'अगस्त्य : च्याप्टर वान'मा आफ्नो भूमिकाबाट 'सरप्राइज' दिँदैछन् । फिल्मका लागि २० केजी तौल घटबढ गर्नुपर्ने चर्चाले नै उनको भूमिकालाई लिएर धेरैमा चासो बढेको थियो । भारतको गोरखपुर सेड्युल सकिएसँगै निर्माण टिमले सौगातको क्यारेक्टर लुक्स सार्वजनिक गरेको छ । उनको लुक्सले फिल्मप्रति दर्शकहरुलाई अधैर्य बनाउन सक्नेछ । तस्विरमा सौगात भारतको रेलवे ट्र्याकमा हिँडिरहेको देखिन्छ । उनलाई दुईवटा क्यामेराले खिचिरहेका छन् ।

❐ वर्ष २८ ❐ अंक ३३३ ❐ २०८० असार १६ गते शनिबार 1 July 2023, Saturday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### पहिराले करिडोर अवरुद्ध

**रामपुर (पाल्पा),** असार १५/ बिहीबार रातिदेखि परिरहेको अविरल वर्षाले कालीगण्डकी करिडोर सडक अवरुद्ध बनेको छ । करिडोरअन्तर्गत पाल्पाको रम्भा गाउँपालिका-२ र ३ को सिमानामा रहेको सहर्दीखोला पुल नजिकै पहिरो खसेपछि सडक अवरुद्ध भएको हो । सडक अवरुद्ध हुँदा करिडोर भएर आवतजावत गर्ने यात्रु तथा सवारीसाधन बीचबाटोमै अलपत्र परेका छन् । शुक्रबार बिहान ५:०० बजेदेखि सडक अवरुद्ध बनेको छ । छोटो र आरामदायी यात्राका लागि कालीगण्डकी करिडोर सडकखण्ड भएर धेरैले यात्रा गर्ने सडक बन्द हुँदा यात्रुले सास्ती खेप्नुपरेको छ । करिडोरको रामपुर पिपलडाँडा हुँदै तानसेन, बुटवल, नारायणगढलगायतका स्थानमा पुग्ने सवारीसाधन बीचमै रोकिएका छन् । सडकमाथिबाट पहिरो खस्ने क्रम जारी छ । पहिरो हटाउन करिब चारदेखि पाँच घण्टाको समय लाग्ने यात्रामा निस्कएका सञ्चारकर्मी प्रकाश ज्ञवालीले जानकारी दिए । तानसेन नगरपालिका-५ ढुङ्गाखानीमा पहिरो खसेकाले तानसेन रिडी सडकखण्ड पनि अवरुद्ध भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय पाल्पाका प्रमुख दामोदर मल्लले बताए । सिद्धार्थ राजमार्गअन्तर्गत आर्यभन्ज्याङ-राम्दी सडकखण्ड पनि अवरुद्ध बनेको छ । माथागढी गाउँपालिका-१ धैरेनीमा पहिरो खसेपछि सडक अवरुद्ध भएको हो । **-रासस**

# रोपाइँ : सुनिनै छोडे असारे भाका, महत्व भने बढ्दै

**रामचन्द्र रायमाझी**

**पाल्पा,** असार १५/ *'असारको बेला जानुपर्ने मेला, पानी पऱ्यो दर्केर'*
*'असारमा खाने दुधिला मकै साउनमा खाने खिर'*
*घरमा छैन शितलु वचन, मनमा छैन थिर ।*
*'असारे मासको दलदले हिरो छुनलाई घिन लाग्यो,*
*पातली नानीलाई फरिया किन्दा छ बिस ऋण लाग्यो'*

यी गीतका हरफ अब रोपाइँका बेला खेतका गह्वामा रोपाहारका मुखबाट सुनिन छाडेका छन् । आजकल असारे गीत असार महिनामा पनि विरलै सुनिन्छन् । पाल्पामा असार १५ राष्ट्रिय धान मनाइए पनि असारमा गाइने मौलिक भाका भने कमै सुनिए । पहिले पहिले खेतीपातीको सुरुवातको काम नाचगानसहित उत्सवका साथ थालियो भने उब्जनी राम्रो हुने जनविश्वास थियो । त्यसैले पनि पहिले नाँचगानका साथ असारे गीत गाउँदै रोपाइँ गर्ने चलन थियो । तर, अहिले रोपाइँ गर्दा हिलोमा हिन्दी गीतमा टिकटक बनाउन थालिएको छ । रोपाइँमा परम्परागत हलो, जुवा र गोरु भन्दा पनि कृषिमा यान्त्रिकीकरण र प्रविधिको प्रयोग बढ्दै गएको छ । आधुनिक प्रविधिको विकासले पनि स्थानीय परम्परागत शैली लोप हुँदै गएको धेरैको बुझाई छ ।



फाइल फोटो

असारे मौलिक भाका हराउँदै गए पनि धान रोपाइएको महत्व भने बढ्दै गएको छ । धान रोपाईसँगै दही चिउरा खाएर असार १५ मनाउने चलन पछिल्लो समय निकै बढेको पाइन्छ । सामाजिक सञ्जालमा पनि युवा पुस्ताले १५ असारमा धान रोपेको तथा हिलो छ्यापाछ्याप गरेका तस्वीरहरू सहित रमाइलो गर्ने प्रचलनसमेत बढेको हो । खेतीपाती बाहेक अन्य पेसा र व्यवसाय गर्दै आएकाहरुले पनि दही च्युरा खाएर १५ असार मनाउने चलन छ । यस दिन किसानदेखि सरकारी कार्यालयका उच्चपदस्त व्यक्तिहरु समेत खेतमा गई धान रोपेर धान दिवस मनाउने गर्दछन् । असार पन्ध्रको महत्व बढ्दै गए पनि परम्परागत असारे मौलिक गीत भने गुञ्जिन छोडेका छन् ।

तानसेन दमकडाकी ७५ वर्षीया सरस्वती केसीलाई धान रोप्दा गाईने गीतको याद आउँछ । उनी आफैंलाई पनि नाच्ने, गाउने र रमाइलो गर्ने गरेको सम्झना ताजै छ । 'मज्जाले हिलोमा छुपुछुपु खेल्दै र धान रोप्दै अनि दही चिउरा खाँदै हामी असार पन्ध्रमा रमाइलो गर्थ्यौं', केसीले पुराना दिनहरु सम्झदै भनिन् 'खेतको आलीमा सबैजना बस्थ्यौं, घरबाट ल्याइएको दही र चिउरालाई नाग नागिनी र देवतालाई चढाएर खाने गरिन्थ्यो । असार पन्ध्र गते धान रोपेर थकित भएपछि खेतको डिलमा बसी आलुको अचारसँगै दही चिउरा खाएर लय हालेर असारे गीत गाउँदाको रौनक कम्ती रमाइलो हुदैनथ्यो ।' हिजो आज भने पुराना भाकाहरु सुन्न छोडिएको केसी बताउँछिन् । नयाँ पिँढीलाई असारे गीत गाउन आउँदा पनि आउँदैन । रोपाइँका बेला बिउ काढ्ने, खेत रोप्ने अनि रमाइलो गर्ने हुँदा उत्सवजस्तै मानिने असारे रोपाइँको रौनक घटेको माथागढी गाउँपालिका-४ झडेवाकी रविना पराजुली बताउँछिन् । पछिल्लो सयममा रोपाइँको क्रममा असारे गीत गाउन छाडिएपछि गीतसँगै टुक्का पनि लोप हुने अवस्थामा पुगेको उनको भनाई छ । 'रोपाइँमा त सुनिन छाड्यो, छाड्यो, आजभोलि रेडियो, टिभीबाट समेत गीत सुनिँदैन,' उनले भनिन् ।

पाल्पा रैनादेवी छहराका मनबहादुर रायमाझीलाई असार १५ गते बाउसे गर्न जाँदाको क्षण ताजै छ । 'हिलोमा चलेर आउँदा लोद परी फर्किन्थ्यौ, तर दही चिउरा खाएपछि र अरुले रमाइलो गरेको देखेपछि पीडा र थकान भुल्थ्यौँ उनी भन्छन् । केसी, रायमाझी र पराजुलीको जस्तै असार पन्ध्रको अनुभव धेरैको छ । यि त केही उदाहरण मात्र हुन् । पछिल्लो समयमा असारे भाका लोप हुँदै गएको छ । उहिलेका असारे भाका कमैले मात्र गाउँछन् । पहिले-पहिले रोपाइँ हुने घरमा अघिल्लो दिनदेखि नै बाजागाजाको जोडजाम हुन्थ्यो । रोपाइँमा गाइने असारे भाकाको बेग्लै मिठास गुञ्जिन्थ्यो । तर समयक्रमसँगै रोपाइँ गीत हराएका छन् । रोपाहारका रूपमा लहरै खेत रोपिरहेका महिला, खेत जोत्ने हली, बाउसे र आली ताछ्ने युवाहरू सबै मिलेर असारे भाका गाउने चलन थियो । गीत गाउँदै, एकअर्कामा हिलो छ्याप्दै जुहारी खेल्दै गरिएको रोपाइँ निकै रमाइलो हुन्थ्यो । तर हिजो आज आधुनिकतासँगै असारे मौलिक गीतका ति भाकाहरु विस्तारै हराउँदै जाँदा पुराना पुस्ताहरु भने चिन्तित छन् ।

## आज अन्तर्राष्ट्रिय सहकारी दिवस




**पाल्पा,** असार १५/आज विश्वभर अन्तर्राष्ट्रिय सहकारी दिवस मनाइँदै छ । नेपालसहित विभिन्न देशमा जुलाई पहिलो शनिबार ९६ औं अन्तर्राष्ट्रिय सहकारी दिवस मनाइन्छ । 'दिगो विकासका लागि सहकारी ।' भन्ने मूल नाराका साथ यस वर्ष उक्त दिवस मनाउन थालिएको हो ।

सन् १८४४ मा बेलायतका रबर्ट ओवेनले सुरुवात गरेको सहकारी आन्दोलनले सन् १९९२ मा संयुक्त राष्ट्रसंघको मान्यता प्राप्त गरेको हो । सन् १९९२ को डिसेम्बर १६ मा बसेको संयुक्त राष्ट्रसंघको साधारणसभाले हरेक वर्ष जुलाई पहिलो शनिबार अन्तर्राष्ट्रिय सहकारी दिवस मनाउने घोषणा गरेयता विश्वभर नै प्रत्येक वर्ष जुलाईको पहिलो शनिबार अन्तर्राष्ट्रिय सहकारी दिवस मनाउँदै आएको छ । नेपालमा भने २०१० सालमा सहकारी सोचको संस्थागत विकास भएको हो । तर २०१३ सालमा बखान सहकारी संस्थाको स्थापनापश्चात् मात्र नेपालमा सहकारी अभियानको सुरुवात भएको मानिन्छ तर पनि अहिलेसम्म सहकारीले अपेक्षाकृत गुणात्मक फड्को मार्न भने सकेको छैन । यसका प्रमुख कारकको रुपमा सहकारी बचत तथा ऋण क्षेत्रमा बढी केन्द्रित हुनु, उत्पादन तथा स्वरोजगार क्षेत्रमा कारोबार घट्नु, सहकारी शिक्षा र चेतना बृद्धि हुन नसक्नु नै रहेको छ । सहकारी क्षेत्रले आफूलाई आर्थिक, सामाजिक र सांस्कृतिक रुपान्तरणको निर्विकल्प निकायको रुपमा स्थापित गर्नुपर्छ । मुलुकको आर्थिक, सामाजिक र सांस्कृतिक विकासका लागि संविधानले सहकारीको महत्वलाई स्वीकार गरेको छ । सहकारी संस्थाको सञ्चालन स्थानीय तहको कार्यक्षेत्रभित्र रहेको वर्तमान अवस्थामा बढ्दो संख्याको सहकारी संस्थालाई व्यवस्थित सञ्चालनका लागि सहकारी ऐनलाई परिमार्जन गरी समयानुकूल बनाउनुपर्ने देखिन्छ ।

## पुष्पलाल राष्ट्रिय पत्रकारिता पुरस्कार वरिष्ठ पत्रकार कोइरालालाई

**कृष्ण पोखरेल**

**पाल्पा,** असार १५/पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार २०७८ वरिष्ठ पत्रकार ८६ वर्षीय कमल कोइरालालाई प्रदान गरिएको छ । तानसेनमा आयोजित नेपाल कम्युनिष्ट पार्टीका संस्थापक महासचिव पुष्पलाल श्रेष्ठको स्मृतिमा लुम्बिनी प्रदेशका प्रमुख अमिक शेरचनले पुष्पलालका समकालीन तथा वरिष्ठ पत्रकार कोइरालालाई यो पुरस्कार प्रदान गरेका हुन् ।



पुरस्कृत कोइराला एमालेको मुखपत्र दृष्टि साप्ताहिकका तत्कालीन प्रधान सम्पादक समेत हुन् । उनलाई एक लाख ११ हजार १ सय ११ नगद राशी सहित सम्मान पत्र, पाल्पाली ढाकाटोपी, ढाकाकै दोसल्ला ओढाएर सम्मान गरिएको हो । तानसेन नगरपालिकाले स्थापना गरेको उक्त पुरस्कार पुष्पलाल स्मृति प्रतिष्ठान नेपाल पाल्पाले प्रदान गरेको हो । प्रदेश प्रमुख शेरचनले पुरस्कृत कोइरालालाई उक्त पुरस्कार प्रदान गर्दै पुरस्कार स्थापना गरेकोमा तानसेन नगर सरकारलाई आभार व्यक्त गरे । उनले यस्ता ऐतिहासिक व्यक्ति र धरोहरहरुलाई सम्मानित गर्न पुरस्कार स्थापना गर्नु प्रशंसनिय रहेको बताए । लोकतन्त्र, प्रजातन्त्र स्थापनाको लागि महत्वपूर्ण भमिका खेलेका व्यक्तिहरुलाई नयाँ पुस्तामा चिनाउन र उनीहरुको योगदानलाई स्मरण गर्न यस्ता पुरस्कारहरुले महत्वपूर्ण भूमिका खेल्नेमा प्रदेश प्रमुख शेरचनले विश्वास व्यक्त गरे । प्रदेश प्रमुख शेरचन र पुरस्कृत व्यक्ति कोइराला पुष्पलालका सहयात्री हुन् । पुरस्कृत कोइराला मातृका कोईरालाका एक मात्र छोरो हुन् । *(...बाँकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## सहकारी दिवसको सन्दर्भ

प्रत्येक वर्ष जुलाई महिनाको पहिलो शनिबारका दिन विश्वभर अन्तर्राष्ट्रिय सहकारी दिवस मनाइन्छ । आज पनि विश्वभर विभिन्न कार्यक्रम गरी यो दिवस मनाइँदै छ । अन्तर्राष्ट्रिय सहकारी महासंघले सन् १९२३ देखि नियमितरूपमा यो दिवस मनाउँदै आएको छ । आर्थिक–सामाजिक क्षेत्रमा सहकारीले पुऱ्याएको योगदानलाई दृष्टिगत गरी संयुक्त राष्ट्रसंघले १९९२ डिसेम्बर १६ को ८९ औं पूर्णबैठकबाट अन्तर्राष्ट्रिय सहकारी महासंघ स्थापना भएको सय वर्ष पूरा भएको अवसर पारेर सन् १९९५ देखि यो दिवस मनाउने निर्णय गरेको हो । नेपालमा पहिलो पटक विसं २013 साल चैत्र २० गते चितवनमा सहकारी संस्थाको स्थापना भएको थियो । बखान ऋण सहकारीको नामले परिचित रहेको उक्त संस्था स्थापित गर्नमा सहकारीका पिता भनेर पनि चिनिने बखानसिंह गुरुङको अहम् भूमिका रहेको मानिन्छ । त्यसै दिनलाई स्मरण गरेर आज देशव्यापीरुपमा नै राष्ट्रिय सहकारी दिवस मनाइँदैछ । हाल देशभर झण्डै ३0 हजार भन्दा बढी सहकारी संस्थाहरु रहेको पाइन्छ । विश्वभर भने तीस लाखभन्दा बढी सहकारी संस्थाहरु रेकर्डमा रहेका छन् । देशभरको कुल रोजगारीलाई हेर्दा सहकारी क्षेत्रले १0 प्रतिशत रोजगारी उपलब्ध गराउन पुगेको छ ।

सहकारीको उद्देश्य बचत, सापट र जोखिम न्यूनिकरणका लागि बिमा हो । सहकारी संस्थाको सञ्चालन स्थानीय तहको कार्यक्षेत्रभित्र रहेको वर्तमान अवस्थामा बढ्दो संख्याको सहकारी संस्थालाई व्यवस्थित सञ्चालनका लागि सहकारी ऐनलाई परिमार्जन गरी समयानुकूल बनाउनुपर्ने देखिन्छ । सहकारी क्षेत्रमा देशको ठूलो अर्थतन्त्रको हिस्सा रहेको भएपनि संघीय र स्थानीय निकायबाट सहकारी क्षेत्रका सवाललाई कसरी सम्बोधन गरिने हो भन्ने हालसम्म प्रस्ट हुन सकेको छैन । देशको वित्तीय प्रणालीलाई नै सबल र सशक्त बनाउन अहम् भूमिका खेलिरहेको सहकारीको दायित्वलाई कम आकलन गर्न नसकिए पनि संस्थागतरुपमा हुनुपर्ने प्रभावकारी अनुगमनमा भने प्रभावकारिता अपेक्षित देखिन्छ । समाजका हरेक समुदाय र वर्गलाई राहतको कारण बनिरहेको सहकारी अभियानलाई अझ संरक्षणसँगै प्रवर्द्धन गर्नुपर्ने आवश्यकता समेत छ । सहकारीलाई यतिखेर राज्यले कानुनी दायरामा समेत ल्याउनुपर्ने आवश्यकता छ, ताँकी आर्थिक अपारदर्शिताले बढवा पाउन नसकोस् । यसर्थ यस वर्षको सहकारी दिवसले सहकारीलाई थप सशक्त बनाउने दिशामा भूमिका खेल्न सके मात्र दिवस मनाउनुले सार्थकता प्राप्त गर्न सक्छ ।

## Opinion @ Social Network

जिन्दगी कागजको टुक्रा जस्तो हुनुपर्ने चाहेको बेला खोल्तीमा राखेर हिड्न सकियोस् र नचाहिएको बेला च्यातेर फ्याक्न सकियोस् ।
*(दिनेश सुनारीको फेसबुक स्टाटस https://www.facebook.com/dinesh.sunari)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नेपालमा संघीयताको आयु कति ?



प्रकाश राई

संघीय शासन व्यवस्था घोषणा भएको आठ वर्ष पुग्नै लाग्दा संघीयताको सुरुवाती दिनहरूको उमंग शेष नरहने अवस्थामा पुगिरहेको छ । संघीयताको विकल्प संघीयता भनिए पनि यस शासन प्रणालीको बारेमा नकारात्मक टिप्पणीको बजारीकरण बढेको छ । संघीयताको संस्थापक भनिएका राजनीतिक दलका नेताहरू शासन व्यवस्थामा खतरा उत्पन्न भएको कुरा गर्न थालेका छन् । संघीयता,गणतन्त्र-लोकतन्त्र, धर्मनिरपेक्षता अन्योन्याश्रित रूपमा एउटै डुङ्गामा सवार रहेकाले संघीयताको बचाउको सन्दर्भमा सतही जिद्दी भन्दा पनि गम्भीर संघीयता मीमांसाको आवश्यकता देखिन थालेको छ ।

### संघीयताको मुद्दाको स्वामित्व

अहिले हामीले उपभोग र प्रयोग गरिरहेको संघीय लोकतान्त्रिक शासन प्रणालीको उदय हुनुको मुख्य आधार तत्कालीन सात राजनीतिक दलहरूको नेतृत्वमा सम्पन्न भएको २०६२/६३ को जनआन्दोलनको सफलता हो । उक्त आन्दोलनको प्रस्थानविन्दु तत्कालीन सात राजनीतिक दलहरू र नेकपा (माओवादी)को बीचमा २०६२ मंसिर ७ गते दिल्लीमा भएको १२ बुँदे समझदारी हो । समझदारी-पत्रमा महत्वका साथ पूर्ण लोकतन्त्र भन्ने वाक्यांश प्रयोग गरिएको छ । पूर्ण लोकतन्त्रको विस्तारित व्याख्या नगरिएको सो समझदारी पत्रमा संघीयता भन्ने शब्द समावेश छैन । आन्दोलनको सफलताको जगमा २०६३ माघ १ गते जारी नेपालको अन्तरिम संविधान २०६३ मा संघीयता भन्ने शब्द प्रयोग भएको थिएन ।

नेपाल सरकार र नेपाल आदिवासी जनजाति महासंघ तथा आदिवासी जनजाति संघर्ष समिति बीच २०६३ चैत, २०६४ को वैशाख, जेठ र असारमा भएको वार्ताहरूको निष्कर्षमा २०६४ साउन २२ गते भएको सम्झौतामा अन्तरिम संविधान बमोजिम संविधानसभाको निर्वाचनबाट निर्वाचित हुने संविधानसभामा संघीय संरचनाको सुझाव पेश गर्ने लिखित सम्झौतासँगै संघीयताले दस्तावेजमा स्पेस पाएको देखिन्छ । मधेश आन्दोलनको क्रममा भएको वार्ताहरूको निष्कर्ष स्वरूप २०६४ भदौ १३ गते भएको नेपाल सरकार र मधेशी जनअधिकार फोरमबीचको सम्झौतामा राज्यको पुनर्संरचना गर्दा संघीय शासन प्रणालीको व्यवस्था गरिनेछ भन्ने लिखत छ । २०६५ जेठ १६ गते नेपालको अन्तरिम संविधान २०६३ को चौथो संशोधनमा राजतन्त्रको विधिवत् अन्त्य गरी नेपाल एक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य भएको घोषणा गर्दै भन्ने संशोधन सँगै संघीयताको मार्गचित्रमा नेपाल औपचारिक रूपमा प्रवेश गरेको देखिन्छ । संघीयताको सवालमा ठूला राजनीतिक दलहरूले आफ्नो ओठे पक्षधरता देखाए तापनि दस्तावेजहरूको शृङ्खलाबद्ध अवलोकन गर्दा उनीहरूमा विरोधाभास देखिन्छ । आफ्नो विरोधाभासलाई पुष्टि गर्ने गरी दलका नेताहरूबाट बेलाबखत संघीयताको विपक्षमा अभिव्यक्तिहरू आउने गर्छन् । आदिवासी जनजाति आन्दोलन र मधेश आन्दोलन नभएको भए संघीयता नेपालको संविधानमा लेखिने कुरामा सन्देहको आकलन गर्न सकिन्छ । ठूला राजनीतिक दलहरूलाई नियतिले संघीयतावादी बनाएको हो कि निष्ठा सहित संघीयतावादी? दलहरूको विचारधारात्मक पक्षको पुनरावलोकन जरुरी छ । अर्थात् पूर्ण लोकतन्त्रको सोधखोज हुनुपर्छ ।

### अस्थिर संघीय सरकार, केन्द्रीकृत दलीय पद्धति र जनप्रतिनिधिहरूको भीड

विश्वको २७ देशमा रहेको संघात्मक प्रणालीको विश्लेषण गर्दा ती देशहरूको संघीय सरकार प्राय: स्थिर र शक्तिशाली रहेको देखिन्छ । २७ वटा देशहरूमध्ये १६ देशमा प्रत्यक्ष निर्वाचित हुने राष्ट्रपति कार्यकारी प्रमुखको रूपमा रहेको देखिन्छ । नेपालमा मिश्रित (प्रत्यक्ष र समानुपातिक) संसदीय निर्वाचन प्रणालीले गर्दा सिर्जित त्रिशङ्कु संसदको कारणले २०७४ देखि २०८० सम्म करिब ६ वर्षको अवधिमा ३ जना प्रधानमन्त्री र प्रक्रियाको दृष्टिकोणबाट संसदको समीकरणमा आएको फेरबदलले ४ पटक सरकार परिवर्तन भइसकेको छ । संघीय सरकार अस्थिर भएपछि संघीयकरणको कामहरू र जनअपेक्षाको डेलिभरीहरू प्राथमिकतामा नपर्ने भएकोले संघीय व्यवस्थालाई असफलसिद्ध गर्न चाहनेहरूलाई स्पेस सिर्जना हुन्छ । अस्थिर राजनीतिक प्रकोपको इपिसेन्टर संघीय सरकार हुने र प्रदेश सरकार, केन्द्रीय सरकारको फेरबदलसँगै परिवर्तन हुने अस्थिर राजनीतिक चक्र संघीय व्यवस्थामा चलिरहने स्थिति छ । प्रदेशसभा पनि मिश्रित निर्वाचन प्रणालीको कारणले त्रिशङ्कु बन्ने र दलहरूमा केन्द्रको निर्देशनबाट चल्ने एकात्मक अभ्यास विद्यमान भएकोले प्रदेशमा केन्द्रको सत्ता समीकरणको प्रभाव प्रत्यक्ष रूपमा परेको देखिन्छ ।

निर्वाचनमा प्रदेशसभाको टिकट वितरणदेखि प्रदेश सरकार गठन पार्टी केन्द्रको आदेश अनुसार गर्नुपर्ने दलीय आन्तरिक कानुनले संघीयताको मर्मको हुर्मत लिइरहेको अवस्था छ । दलीय व्यवस्था एकात्मक राखेर शासन व्यवस्था संघीय खोज्नु राजनीतिक पाखण्ड हो । संघीय संसदमा प्रतिनिधिसभा २७५ र राष्ट्रिय सभा ५९ जना सहित ३३४ जना, प्रदेश सभामा ५५० जना र स्थानीय तहमा प्रमुख/उपप्रमुख, अध्यक्ष/उपाध्यक्ष, वडाध्यक्ष, कार्यपालिका सदस्यहरू र वडा सदस्यहरू सहित ३७ हजार २० जना एवं राष्ट्रप्रति-उपराष्ट्रपति समेत जोड्दा कुल ३७ हजार ९०६ जना जनप्रतिनिधिहरू शासन संचालनमा संलग्न रहेका छन् । दल नियन्त्रित क्याडर वेस्ड जनप्रतिनिधिहरूको भीड र अस्थिर शासकीय संरचना संघीयताको सान्दर्भिकताको सवालमा प्रश्नको आधार हो ।

### अनदेखामा संघीय अर्थ-राजनीतिक सौन्दर्य

नयाँ व्यवस्थाको औचित्यसिद्ध गर्ने निर्णायक औजार हो, अर्थ-राजनिति । नयाँ शासकीय व्यवस्थालाई आलोकित गर्ने मुख्य भूमिका अर्थ-राजनीतिको हुन्छ । वित्तीय संघीयताको मुख्य संवैधानिक प्रबन्ध रहेको संविधानको धारा २५० बमोजिमको संघीय सरकारले एकल रूपमा गठन गर्ने वित्त आयोग संघीयता अनुकूल देखिंदैन । वित्त आयोगमा प्रदेश र स्थानीय सरकारको भूमिका नहुने भएकोले संघ सरकार दिने प्रदेश सरकार र स्थानीय सरकार लिने स्तरको सम्बन्धमा देखिन्छ । प्रदेश र स्थानीय सरकारहरू केन्द्रको समानीकरण अनुदान र आन्तरिक स्रोतको अपर्याप्तताको मारमा छ । सीमित स्रोत-साधनको बाबजुद प्रदेश र स्थानीय सरकारहरूले मौलिक अर्थ-राजनीति ( राजस्व संकलन र बाँडफाँट) दृष्टिकोण आफ्नो नीति तथा बजेट मार्फत सार्ने संघीयताले दिएको अवसरको सदुपयोग गरेको देखिँदैन । छिटफुट अपवाद बाहेक प्रदेश र स्थानीय सरकारको अर्थ-राजनीति (बजेट विनियोजन) परम्परागत र संघीय सरकारको सिकोमा आधारित छ ।

प्रदेश सरकारहरूले पूर्वाधार विकासको नाममा करिब ४५-५० प्रतिशत आफ्नो बजेट खर्च गर्दा कृषि/स्वास्थ्य/शिक्षामा १०-१२ प्रतिशत दरको हाराहारीमा खर्च गरिरहेको छ । मौलिक अर्थ-राजनीतिक दृष्टिकोण मार्फत संघीयतामा संघ सरकार/छिमेकी प्रदेश सरकार/स्थानीय सरकार अलोकप्रिय हुँदा पनि अर्को प्रदेश/स्थानीय सरकारलाई उपलब्ध स्वायत्ततामा टेकेर अरुभन्दा राम्रो गर्न सक्ने सुविधा हुन्छ । तर यस्ता संघीयता प्रदत्त अवसरलाई काठमाडौं, धरान जस्ता केही स्थानीय सरकारहरू बाहेकले परीक्षण गर्न खोजेको देखिँदैन । संघीयता कार्यान्वयन गर्दा खर्च वृद्धिको कारणले देखाएर विश्वका अरु देशहरूमा पनि संघीयताको विरोध भएको वैश्विक अनुभवबाट सिक्ने कोशिस गरिएन । सबैभन्दा बढी मासिक २ लाख ३० हजार पारिश्रमिक लिने राष्ट्रपतिदेखि सबैभन्दा कम करिब मासिक १० हजार सुविधा लिने गाउँसभा सदस्य सहित ३७ हजार ९०६ जना वैतनिक जनप्रतिनिधिहरूको भीड संघीयतामा कायम गरिएको छ । स्वतन्त्र अध्ययन-अनुसन्धान नगरी प्रशासनिक निर्णयको आधारमा संघीयता कार्यान्वयनमा करिब ४१ हजार २०० कर्मचारीहरूको दरबन्दी थपिएको छ । संघीयताको कार्यान्वयनसँगै चालु खर्चको अंक र भार (प्रतिशत) दुवै बढ्दै गइरहेको तथ्याङ्कले देखाउँछ । आ.व. २०७३/७४ चालु खर्च ६ खर्ब १७ अर्ब १६ करोड, विनियोजनको ५८.९० प्रतिशत रहेकोमा आ.व. २०७४/७५ को चालु खर्च अंकमा ८ खर्ब ३ अर्ब ५३ करोड, विनियोजनको ६२.८ प्रतिशत देखिन्छ । चालु खर्चको ग्राफ राजस्व-आम्दानी र अघिल्लो वर्षहरूको तुलनामा उकालो चढिरहेको र पूँजीगत खर्च ओरालो लागिरहेको देखिन्छ । यसो हुनुको कारण संघीयतालाई मात्रै भन्न नसकिए पनि संघीय शासन प्रणालीको अर्थ-राजनीतिक दृष्टिकोणको सवालमा समीक्षा अपरिहार्य छ ।

### पुरानो व्यष्टिहरूबाट नयाँ समष्टिको मृगतृष्णा, नयाँ राजनीतिक शक्तिहरूको आगमन

एकात्मक शासन पद्धतिबाट संघीयतामा जाँदा संघीयताको सफलताको लागि नयाँ शासकीय संरचना मात्रै पर्याप्त हुँदैन । राजनीतिक दलको एकात्मक केन्द्रीकृत संगठन र यसबाट सिर्जित क्याडर बेस्ड पार्टी प्रणाली यथावत् रहनु, कर्मचारीतन्त्र पुरानै विरासतबाट अगाडि बढिरहनु, केन्द्रको सांसद मन्त्री विशेष ठान्ने मनोविज्ञान रहनु । कतिपय देशमा मुख्यमन्त्री वा मेयर भनेको राष्ट्रपति/प्रधानमन्त्री हुने लाइन मानिन्छ । तर नेपालमा पावर नपुग्नेहरू प्रदेश र स्थानीय तहमा जान्छन् भन्ने खालको बुझाइ छ । यस्तो मनोविज्ञान र आचरण माथि टेकेर सफल संघीयता खोज्नु भनेको पुरानो व्यष्टिहरूबाट नयाँ समष्टि खोज्नु झैं हो । समकालीन राजनीतिक नेतृत्वको असफलतालाई देखाएर जनआन्दोलनले विस्थापित गरेका घोषित रूपमै संघीयता विरोधी राजावादी शक्तिको राष्ट्रिय प्रजातन्त्र पार्टीको नाममा पुन:उदय भएको छ । यो शक्तिको ऐतिहासिक दायित्व नै संघीयताको विरोध गर्नु रहन्छ । संघीयताप्रति तटस्थ तर प्रदेशसभाको निर्वाचन बहिष्कार गर्दै उदाएको नयाँ राजनीतिक शक्ति हो, राष्ट्रिय स्वतन्त्र पार्टी, यो पार्टीले संघीयताको पक्षमा बुलन्द भएर बोलेको छैन । बोल्नुपर्ने ऐतिहासिक दायित्व पनि छैन । नयाँ शक्तिहरूले संघीय व्यवस्थालाई कति दोष दिन्छन् भनेर हेर्न बाँकी छ । बदलाभाव र इतिहास बनाउने लोभमा व्यवस्था बदल्ने लाइनमा नयाँ शक्तिहरू मोडियो भने देश नयाँ राजनीतिक गोलचक्करमा फस्ने निश्चित छ ।

### नेपाली संस्करणको फेडरलिष्ट पेपर्स

यतिका वर्षहरू व्यतीत भइसक्दा पनि पेसेजमा रहेको संघीयताको आधारभूत पक्षहरू प्रशासनिक संघीयता, घरेलु सुरक्षाको संघीयता, शिक्षाको संघीयता, वित्तीय संघीयता आदिलाई पेसेजबाट अविलम्ब निकाल्नु अनिवार्य छ । बहुआयामिक कारणहरूको जगमा संघीयताको विपक्षमा रोजै नकारात्मक संप्रेषण बढिरहेको छ । अमेरिकाले सन् १७८७ मा संघीयताको संविधान जारी गरेपछि सन् १७८७-१७८८ को अवधिमा संघीयता विरोधीहरूले सिर्जना गरेको भ्रमहरू चिर्न अलेक्जेण्डर ह्यामिल्टन, जोन जे र जेम्स मेडिसनहरूले फेडरलिष्ट पेपर्सको नाममा संघीयताको पक्षमा विभिन्न दस्तावेज प्रकाशित गरे । नेपालको सन्दर्भमा पनि संघीयताका पक्षधरहरूले परिष्कृत प्रस्तावना सहितको संघीयताको पक्षमा बौद्धिक जागरण ल्याउन नेपाली संस्करणको फेडरलिष्ट पेपर्स ढिला नगरी जारी गर्नुपर्ने अवस्था छ ।

*-अनलाइन खबर डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** :अस्वस्थताले काममा ढिलासुस्ती हुन सक्छ । काममा सफलता मिलनेछ । | **तुला** :मिहिनेत गर्दा आम्दानीका नयाँ स्रोत फेला पर्नेछन्। आफन्तहरू टाढिनेछन् । |
| **बृष** :हडबड गर्नाले काम बिग्रन सक्छ । सोचेको नतिजा प्राप्त नहुन सक्छ । | **बृश्चिक** : लगनशीलताले कीर्तिमानी दिलाउन सक्छ । मध्याह्नदेखि आयस्रोत बढ्नेछन् । |
| **मिथुन** :अरूका लागि श्रम तथा बुद्धि खर्चनुपर्ला । कमजोरी महसुस होला । | **धनु** : अस्वस्थताले लक्ष्य प्राप्तिमा विलम्ब हुनेछ। आफ्नै बेहोसीले नोक्सान पुर्याउला। |
| **कर्कट** :व्यवसायमा मनग्य धन लाभ हुनेछ। परिबन्धले काममा बाधा पुऱ्याउला। | **मकर** : नयाँ काम गर्ने मौका छ । विद्यामा प्रगतीको साथमा नयाँ साथि भेटिएला । |
| **सिंह** :विभिन्न अवसर प्राप्त हुनुका साथै दैनिकीमा परिवर्तन आउन सक्छ । | **कुम्भ** :व्यापार-व्यवसायमा मनग्य लाभ हुनेछ। प्रेम वा मित्रताको बन्धन कसिलो हुनेछ । |
| **कन्या** :आजको श्रमबाट पछिलाई फाइदा पुग्न सक्छ। तर भेटघाटले अलमल्याउनेछ। | **मिन** :प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ। उद्योग र व्यापारमा फाइदा हुनेछ । |

# साहित्य दर्पण

हाँस्यव्यङ्ग्य — कृष्ण प्रधान

## दार्जिलिङ हराएकी सूचना....

दार्जिलिङमै छु अहिले म । तर दार्जिलिङमै बसेर पनि दार्जिलिङ पाइनँ...भेटिनँ कतै । अहिले म सुपर मार्केट अधिल्तिर दार्जिलिङ-सिलिगुडी पिजु स्ट्याण्डको टिकट काउण्टर भित्र बसेर दार्जिलिङ खोजिरहेछु एक तमासले । कहिले हस्पिटलमाथिबाट जुलूस बग्दै आएर थानातिर बग्छ...कहिले कचहरीबाट जूलुस बग्दै आएर हस्पिटल उकालो लाग्छ । जिन्दाबाद-जिन्दाबादका नारा मोटर स्ट्याण्डभरी रुमलिन्छ । म आफू कविता लेख्ने मान्छे । मेरा आँखाले दार्जिलिङ खोजिरहेछ....जुलूस भट्याउनेको आह्विस र देखासिकी गरी सडकबीचमै यसरी कविता फलाक्न थालेछु -

दार्जिलङ....ओ...दार्जिलिङ
मेरी हृदयेश्वरी दार्जिलिङ
गल्ली, गल्ली, कुना-काप्चामा खोजेँ
जूलूसको चेप चेपमा खोजेँ
बाटाघाटामा खोजेँ, उकाली-ओह्रालीमा खोजेँ
पोष्टर भित्तामा खोजेँ, गिताङ्गे डाँडामा खोजेँ
पहाड-कन्दरामा खोजेँ, धारामा खोजेँ
खोल्सामा खोजेँ, झोडमा खोजेँ
म्युनिसिपल्टीको डस्टबीनमा खोजेँ
ब्यूटी पार्लरहरूभित्र खोजेँ, रेष्टँरा-क्याफेमा खोजेँ
कलेटी परेका आँखाहरूमा खोजेँ
पैह्रो गएका ठाउँहरूतिर खोजी
घाइते मुटुभित्र खोजेँ दार्जिलिङ ।
तिमी हराएकी कुरा सबैलाई सोधेँ
जुलूस भट्याउनेहरूलाई सोधेँ
र्ति..र्ति. सिटी फुक्ने ट्राफिक पुलिसलाई सोधेँ
तिमी हराएकी सूचना सबैलाई सुनाएँ
तिम्रो सुइँको कतै पाइनँ
थाना-कचहरी-पुलिस पोष्ट-पोष्टमा- सोधेँ
निमुखा छलकपट विहीन मान्छेका अनुहारको मानचित्रमा खोजेँ....उनीहरूको भूगोलमा खोजेँ
स्कूलेहरूका स्कूल ब्याग-ब्यागमा खोतलेर हेरेँ
कलेजियनहरूका खाता-कितापका चेपचेपमा खोजेँ
भारी भोक्ने भरिया दाइको दाइहरूको
पटुकामा खोतली खोतली खोजेँ
सीआरपीको बुटभित्र खोजेँ
खुकुरीको दापभित्र खोजेँ
बन्द कमानतिर धुइँपताल लाएर
हत्तु हैरान भएर खोजेँ
खबर तिम्रो कतै पाइनँ
कसैले तिमीबारे केही भन्ने मनै गरेनन्
दार्जिलिङभित्र दार्जिलिङ हराएकी पाएँ ।


दार्जिलिङभित्रै दार्जिलिङ हराएकी सूचना सार्वजनिक गर्नुपर्दा आफैलाई हुनसम्मको कुरीकुरी लाग्यो । दार्जिलिङमा बसेर दार्जिलिङ हराएकी कुरा गरेको सुन्नेले मलाई अर्द्धसिल्ली ठान्लान् वा भन्लान्... ठानुन् वा भनुन् । भन्नेको मुख कसले थुन्ने ? छातीमा दाहिने हातको मुठी बजारेरै दार्जिलिङभित्र दार्जिलिङ हराएकी सूचना म खुलेआम सार्वजनिक गर्न चाहन्छु । यो अपत्यारिलो सूचना सार्वजनिक भएपछि वा एक कान दुइ कान मैदान हुन थालेपछि यसबारे कैफियत मागिएला हो । दार्जिलिङलाई लाहुरे माया चाउरे प्रीति लाउनेहरूले मनगढन्ते सूचना दिने दिने यो अर्द्धसिल्ली 'कृष'-लाई हेनतेन प्रश्न गरेर केरकार पार्लान् हो । दार्जिलिङे भाषामा भन्नु हो भने, "यो हरिलठ्ठकले हावा पिट्यो" भन्लान् हो वा दार्जिलिङ्गे भाषामा "यो मूलाले बीटी (बिग टक) दिएको पनि भन्लान् हो । पर्वाह छैन । लुतो कनाइ केही छैन । यहाँका नेताहरूले अपत्यारिला कुराहरू गर्दा, आफ्नै जनता-जनार्दनलाई ढुक्कैले हावा पिट्दा, बीटी (बिग टक) गर्दा ता आजसम्म कसैले ती ढट्ट नेताहरूलाई केरकार गर्न सकेका छैनन् भने, कसैले कैफियत माग्ने आँटै गरेका छैनन् भने म एकदिने पाहुनालाई के को केरकार, के को कैफियत होइन र ! बगम्फुसे सूचना सार्वजनिक गर्दा मलाई चेपारोमा पार्ने प्रयास पनि गर्लान् हो कत्ति-कत्तिले । खै ढाँटेको कुरो पनि पत्याउन लाउने नेताहरूलाई आजसम्म दार्जिलिङ वीर पुरूष वा वीराङ्गणाहरूले चेपारोमा पार्न सकेका छैनन् भने यो बाहिरबाट आएको मधिसेलाई किन के भनेर कुन मुखले, कुन आँटले चेपारोमा पार्लान् ? तर हजूर ! यो सत्य हो ह दार्जिलिङभित्रै दार्जिलिङ हराएकी छ....पक्कै हराएकी छ ।

म अहिले दार्जिलङ - सिलिगुडी पिजु स्ट्याण्डमा एउटा पिजुभित्र बसेर रमिता हेर्दैछु । गाडीमा सिलिगुडी जाने यात्री एकेकजना भरिँदैछन् । मेरो दाहिनेपट्टि र देब्रेपट्टिका पिजुमा यात्रुहरू भरिसकेको छन् । गाडी गुडेको छैन । क्षण-क्षणमै किसिम बेच्नेहरू आएर वाक्कै र दिक्कै पार्दारहेछन् । कोही तित्यौरा, कोही बदम, कोही नरिवल, कोही चना चटपटे का कोही मोजा आदि आदि बेच्न आउँदा रहेछन् । गाडीमा चढिसकेका तरुणीहरूले तित्यौरा किनेर जिब्रो पड्काउँदै खाएका पनि देख्दैछु । यी तरुणीहरूलाई अमिलो भन्ने के साह्रो मनपरेको ? मेरो छेउमा बसेका दुइजना गाडीका क्लिनरहरू गफ गरेका पनि सुनिरहेछु । एकजना भन्दैथिए आफ्नो साथीलाई - "केटीहरूले अमिलो के साह्रो मनपराएकी होला हई ?" अर्कोले तुरुन्तै जवाब दिएको पनि सुनेँ, "तलाई थाहा छैन ? केटीहरूले अहिल्यैदेखि नै अमिलो मनपराएको चाहिँ प्र्याक्टिस गरेको नि अमिलो खाने...पछि अमिलो खानु सजिलो पर्छ भनेर ।" उनीहरूको कुराको अर्थ आरम्भमा केही बुझिनँ । तर श्रीमती दुइ जीउकी हुँदा मलाई तित्तिरी ल्याइमागेको कुरा झट्ट स्मरण भयो अनि पो बुझे यी भाइको कुरा । तर ती युवतीहरूले मुख मिठाउँदै तित्यौरा खाएका देख्दा मेरो मुखभरी थुक आयो । मैले घुटक-घुटुक् थुक निलेको ती क्लिनर भाइले देखेछन्, हतार हतार तित्यौरा बेच्नेलाई बोलाएर मलाई दुइ पाकिट तित्यौरा किनिदिए । तित्यौरा खाँदै तित्यौरा बेच्नेसित गफ गरेँ । तित्यौरा बेच्ने ठिटोको नाम रामलखन रहेछ । ठिटो रामलखनले सिजनमा खाई-खर्च सबै काटकुट पारी, महाजनको तिरोतारो गरेर पनि प्रतिदिन सयदेखि डेढ सय रुपियाँ जोहो गर्दोरहेछ । दार्जिलिङ मोटर स्ट्याण्डले प्रतिदिन बग्रेल्तै बेरोजगार रामलखनहरूका निमित्त रोजगारको व्यवस्था गरेको देख्दा यी ठिटाहरू प्रति सहानुभूति पलाए पनि हाम्रो बेरोजगार ठिटाहरू हिङ नभए पनि हिङको टालैका रुपमा पनि नदेख्दा सामान्य मन कुँडियो । अचम्म ता केमा लाग्यो भने, दार्जिलिङ बजारभरि किसिम चिजबिज, खानेकुरा, अण्डा, चिया बिक्री गरेर बेरोजगार समस्यादेखि मुक्त हुन चाहने रामलखन, पंकज, दिनेश, चन्दन, कुश्वेश्वर, महादेवहरू गाउँ-गाउँ गई सब्जी, माछा, फल-फूल, दही. कपडा आदि बिक्री गर्नेहरूमध्ये एकैजना पनि रेथाने वा भूमिपुत्रहरू देखिनँ । यसको अर्थ दार्जिलिङका रैथाने वा भूमिपुत्रहरू जत्ति सबै हाइली क्वालिफाइडका साथै बेरोजगारमुक्त रहेछन् भन्ने कुरामा मलाई सामान्य सञ्चो भयो । तर असम्भव । आज दार्जिलिङ साँच्चै बेरोजगारमुक्त हुँदो हो ता यहाँका रैथाने वा भूमिपुत्र युवा-युवतीहरूले दार्जिलिङलाई हङकङ, मलाया, सिङ्गापुर, दुबई बनाइसक्थे । मधेशबाट यहाँ आएर यी ठिटाहरूले तित्यौरा, चना चटपटे, अण्डा, पिरो-मुरी, आइसक्रिम, बदम, माछा बेचे जस्तै हाम्रा भूमिपुत्रहरूले यिनै कुराहरू बिक्री गर्दा हुन्न र ? हाम्रो यी रैथाने बेरोजगार युवाहरूले यी मधिसे युवाहरूले झैं चिजबिज बिक्री गरे दार्जिलिङ सामान्य भए पनि बेरोजगारको गह्रौ भारले थिचिएर उकुसमुकुस हुने थिएन अवश्यै पनि । तित्यौरा आदि बेच्नेहरूले दार्जिलिङमा बिल्डिङ ठहराइसकेका छन् भने चना चटपटे बेच्नेहरू भटभटेमा हिँड्न थालेका छन् । बदम बेच्नेहरू, कफी बेच्नेहरू ठाँटबाटले हिँड्ने भइसकेका छन् । सुदूर गाउँबाट आफ्ना मामा-काकासित आई सामान्य व्यापार गर्न थाल्छन् तर हाम्रा रैथाने वा भूमिपुत्र बेरोजगार युवाहरूलाई बजारबीचमा अण्डा, फकुण्डो आदि बेच्न कस्तो लाज लाग्दोरहेछ । तर ड्रग्स खाएर बजारबीचमा धरफरिँदै हिँड्न भने किन लाज नलागेको भन्ने प्रश्नले मलाई कोपरिरह्यो । परैहरू सियो बनी पसी फाली बनी निस्कन्छन् भने हाम्राहरू बञ्चरो काटी सियोको व्यापार गर्छन् अनि अन्त्यमा धोती न टोपी हुन्छन् । धोती र बाँदरे टोपी लाएर दार्जिलङ पस्नेहरू टाई सुटमा हुन्छन् । धोती न टोपी हुनेहरूलाई भूमिपुत्र भन्न मिल्दैन । जन्तु जनावरले धोती लाउँदैनन् न टोपी नै । भूमिपुत्र र जनावरमाझ फरक नै के रह्यो र ! निकट भविष्यमा यसरी अन्य ठाउँबाट आउनेहरूले हाम्रो दार्जिलिङ ढाक्लान् (अहिले नै ढाकिसकेका छन्), ढलीमली पनि उनीहरूकै भए पछि (व्यापारमा गरिसकेका छन्) हाम्रा भूमिपुत्रहरू दार्जिलिङदेखि हराउँदै जाने ? सबै विदेशै ताक्ने ? हेनतेन नभनी लाजै पचाएर भन्नु हो भने, बन साङ्लोले घर साङ्लोलाई उठीवास लाउँदैन भन्न सकिन्न । दार्जिलिङे भूमिपुत्रहरू लाजको भुँवरीमा परेर जीवनदेखि हराउनु खोजेका देख्दा दार्जिलिङभित्र दार्जिलिङ क्रमश: क्रमश: हराइरहेकी देखिरहेछु । पत्याउनुहोस् वा नपत्याउनुहोस्.... दार्जिलिङभित्र दार्जिलिङ साँच्चै हराएकी छ । पत्याउनुहुन्न भने खै कहाँ छे दार्जिलिङभित्र दार्जिलिङ ? पत्याउनुहुन्छ भने खै कहाँ छे दार्जिलिङभित्र दार्जिलिङ ? लु देखाउनुहोस् ता .....

उहिले....
"नेप्टी चेप्टी दार्जीलिङ कस्तो छ
आऊ हाम्री नेप्टी आऊ हाम्री चेप्टी
दार्जीलिङ घुम्न जाऔं
जान त जाउँला पहिले यो भन दार्जलिङ कस्तो छ ?
झिलि र मिलि बिजुली बत्ती इन्द्रासन जस्तो छ । (दलसिंह गहतराज)
अहिले.....
नेप्टी चेप्टी दार्जिलिङ कस्तो छ
राजनीतिको खानी, बन्दकी रानी
स्वीजरल्याण्डजस्तो छ ।
नेप्टे चेप्टे दार्जिलिङ कस्तो छ
नेताहरूको जयजयकार छ
सौन्दर्यका खानी पानीको हाहाकार छ ।
ढाँटेको कुरा पनि पत्याउने शहर
बातैपिच्छे झण्डी साट्ने रहर
दार्जिलिङभित्र दार्जिलिङै हराएजस्तो छ ।

*-समकालीन साहित्य डटकम*

### गुरू पुर्णिमाको उपलक्षमा थौं सुथं न्हिला दना



*लालकाजी शाक्य*

थौं सुथं न्हिलँदना बुध्दया शरण वनेधका
मार ल्यु ल्यु वयापन,लोभया जंजाल क्य:नाथका ....थौं

मोहया कारण मन थातेमला, क्रोधया अग्नि च्या:त थ्व:तन
जीवन फि:गु फु:त थन:, ब्यभिचारया कारण ....थौं

थ्व:चित्त गथे शान्तजुई, कामया बसेलाना झि:गु
गबलेपार जुईगु ख: अविची नरकया द्वार झि:गु ....थौं


मखु:खँ न ल्हा:ना जुया, मद त्वना:गुया कारण
ख्व:या जुया थौं थन, संसारे दु:खया कारण ....थौं

परोपकार याना: मजुया, हिंसाया लँपु ज्व:ना जुया
पापया गाले थौंलात, शान्ति या मार्ग झि:सँ त्वता ....थौं

कथा — डोरबहादुर विष्ट

## समाजको प्रभाव

अस्ति मात्रैको कुरो हो, एकदिन साँझ साँझमा म टहलिँदै डुल्दै खोलाको किनारै किनार उही ठाउँमा पुगेँ जहाँ पुग्दा वर्षौं पहिले बितेका कुराहरूको मलाई एकाएक सम्झना हुन थाल्यो । केटाकेटीमा आफू वरपर दौडेको, खोलामा पौडी खेलेको, माछा मारेको इत्यादि सारा कुराको सम्झनाले मलाई एकछिनसम्म एकतमासको लागिरह्यो । तर खोलाको 'खलखल' र 'कलकल' माथि थपिएको घट्टको भुनभुनाहटले त्यहाँको वातावरणलाई बिलकुल संगीतमय तुल्याइरहेको थियो, जसले गर्दा मेरो दिल खुसीले उत्तौली बन्न धेरै बेर लागेन । त्यहाँ वरिपरिका खेत, मैदान, जंगल, डाँडा, भीर सबैसँग मेरो धेरै पुरानो चिनापर्ची थियो । तर बिचमा कैयौं वर्षसम्म यिनको काखमा खेल्ने सौभाग्यदेखि वञ्चित हुनु परेकोले यो झन्डै बिर्सेको घटना भइसकेको थियो । आफ्नो गाउँमा त म बराबर जान्थेँ तर त्यो ठाउँमा जाने सम्झना कहिल्यै आएको थिएन । त्यस दिन मात्रै संयोगले त्यहाँ पुगेको थिएँ म । काठमाडौँको गल्लीमा खेलेर रानीपोखरी छेउको स्कुल र कलेजमा पढेर नयाँ सडकको झिलिमिली हेरेर अनि सिनेमा हलको खैलाबैला सुनेर वाक्क भएको तृष्णा र आशाको छटपटिएको हृदय प्रकृतिको काखमा खेल्दाखेरिको पुरानो सम्झनाले एक पटक निकै प्रफुल्लित भयो मन ।



*आफ्नो गाउँमा त म बराबर जान्थेँ तर त्यो ठाउँमा जाने सम्झना कहिल्यै आएको थिएन । त्यस दिन मात्रै संयोगले त्यहाँ पुगेको थिएँ म । काठमाडौँको गल्लीमा खेलेर रानीपोखरी छेउको स्कुल र कलेजमा पढेर नयाँ सडकको झिलिमिली हेरेर अनि सिनेमा हलको खैलाबैला सुनेर वाक्क भएको तृष्णा र आशाको छटपटिएको हृदय प्रकृतिको काखमा खेल्दाखेरिको पुरानो सम्झनाले एक पटक निकै प्रफुल्लित भयो मन । एकछिन मात्र भए पनि दु:ख, पिर र जिम्मेवारीलाई बिर्सन पाउँदा स्वर्गीय आनन्दको अनुभवले देह हलुका भयो ।*

एकछिन मात्र भए पनि दु:ख, पिर र जिम्मेवारीलाई बिर्सन पाउँदा स्वर्गीय आनन्दको अनुभवले देह हलुका भयो । खुसीले टोहोला भएर यताउति हेर्दै थिएँ, एक्कासि कसैले गुनगुनाएको मधुरो स्वर मेरो कानमा पर्यो । वरपर आँखा घुमाएँ । घट्टकै छेउमा खोलाको किनारमा बसेर एउटी आइमाई मधुरो स्वर अलापिरहेकी थिई । बिस्तारै म उतै लागेँ । आनन्दसँग प्रकृतिको बगैँचामा बसेर तान छेडिरहेकी चरी उडेर जाली भन्न डरले म धेरै नजिक जान सकिनँ । अलि परै उभिएर सुन्न थालेँ । उसको गीतको अर्थ त मलाई उत्तिको लागेन तैपनि स्वरमा भएको लालित्य तथा मिठासले मुग्ध नभइरहन सकिनँ । मैले ठानेँ, शायद यहाँ वरिपरिको प्राकृतिक ध्वनिले आवाजलाई साथ दिँदा स्वरको माधुर्य झन् बढ्न गएको होला । उसको पहिरन बिलकुल सादा थियो तैपनि त्यहाँको वातावरणसँग धेरै मिल्दोजुल्दो देखिन्थ्यो । शृङ्गार केही थिएन तर अनुहारमा आकर्षण थियो । मेरो आँखा र कान अघाएनन्, डेग नचलीकन उभिएकै थिएँ, कसरी हो कुन्नि उसले मलाई देखी । एकछिन जिल्ल परेर हेरी । मैले पनि आँखा त्यताबाट हटाएको थिइनँ । कताकता चिनेचिने जस्तो देखेदेखे जस्तो उसको अनुहारलाई ठम्याउने कोशिस गर्न थालेँ । शायद त्यही धनवीरे दाइकी छोरी होली घट्टमा पालो बस्न आएकी । मैले एकनाससँग उसको मुखमा हेरेको देखेर होला मलाई आँखा तरेर के के हो कुन्नि उसले भुतभुताई । मैले भने केही पनि बुझिनँ । निहुरेर खोलाको बगरको ढुङ्गा खेलाउँदै बिचबिचमा मतिर हेर्दै ऊ फेरि गनगन गर्दै थिई । मलाई उसको नजिक जान मन लाग्यो, गएँ । म उसको नजिक पुगेपछि उसले एक पल्ट टाउको उठाएर मलाई हेरी अनि गाली गरी, "हेर लाज नभाको ! मोरो, स्वास्नीमान्छे बस्या ठाउँमा आउने ।" यस पल्ट भने यसको जम्मै कुरा बुझेँ । मलाई साँच्चै नै लाज लाग्यो । म किन उसको नजिक गएँ ? अनि किन उसको एकान्त विहारलाई खलबल्याएँ ? यसको जवाफ अरू थिएन, केवल उत्सुकता । आफ्नो आनन्दका लागि अर्काको सुखलाई बिथोलेको, यही न थियो मैले गरेको । तर फाँटको हरियालीमा खोलाको कलकल सुन्दै प्राकृतिक बहारको आनन्द लिने हक मेरो पनि त थियो नि । त्यो केटीको मात्र एकलौटी त थिएन । त्यसैले मलाई पनि अलि रिस उठ्यो । अनि उसलाई जिस्क्याउन एक पल्ट बनावटी हाँसो हाँसे । ओहो उसको अनुहारले एकदम विकृत रूप लियो । भृकुटीमा सात गाँठा पारेर उसले फेरि ममाथि गालीको हतियार प्रहार गर्न थाली - "छरौटीले लैजाने थारू हाँसेको हेर न । जा न तेरी बज्यैलाई हेरेर हाँस् बजिया ।" मैले तीन त्रिलोक चौध भुवन देखेँ । वरिपरिको दृश्य फनफनी आँखाअगाडि घुम्न थाले । तै कसो ढली त हालिनँ । मलाई सारै अप्ठ्यारो पर्यो । अगाडि बसिरहन पनि भएन । फर्किहालूँ भने पनि हारेर फर्के जस्तो, नभएको दोष स्वीकार गर्न त्यसै लाज लाग्यो । मगजलाई ठण्डा तुल्याउन एकछिन पर्खेँ । त्यतिन्जेल ऊ पनि जहाँको त्यहीँ बसिरहेकी थिई ।

जे भए पनि झगडालाई पन्छाएर, लाज पचाएर फर्कनु पर्यो भन्ने विचारले एक पल्ट डराई डराई बिस्तारै भनेँ, "मैले तिमीलाई केही गरेको थिइनँ, तिमी सित्तै मसँग रिसायौ । म तिमीलाई जिस्क्याउन आएको पनि थिइनँ, भैगो नानी जान्छु ।" म फर्कन लागेथेँ, त्यो दुच्छर केटी अझै चुप लागेर बस्न सकिन, केही विषालु शब्द ओकली हाली, "छेराउटी मोरो त अझ नानी भन्छ हेर न । तेरो नानी हौ कि क्या हो हामी ।" अब बोल्न उचित होइन भन्ने सम्झी दाँतमा ढुङ्गा लागे जस्तो भएर म फर्केँ । दुई पाइला अगाडि मात्र बढेथेँ, खोलो पारिबाट एउटा गोठाले ठिटो त्यही केटीलाई ताक्दै आइरहेको देखेँ । त्यो को रहेछ, किन आयो भनेर जान्ने उत्कण्ठा मलाई लाग्यो । त्यहाँ उभिरहन तैपनि डर लागेकोले ढिलो ढिलो पाइला चाल्न थालेँ । खोलाको बिचमा आइपुग्दा नपुग्दै त्यो ठिटो करायो, "ए मेरी माइली प्यारी, परबाट आएको देखेपछि लिन पनि आउँदिन । कति माया नभाकी ।" जिल्लिएर म उसको मुखतिर हर्न थालेँ । ऊ ङिच्च हाँसेर खोलाको बिचमा उभिएको थियो । उसको माइली प्यारी चाहिँ गालीको वर्षा सहित ढुङ्गा र हिलो याँक्न थाली । ऊ चाहिँ जहाँको त्यहीँ उभिएर आधा हाँसेको स्वरले कराउन थाल्यो, "ए नहिर्का न तेरो पोइलाई, लुगा जम्मै भिज्यो ।" त्यस्तैमा डाँडातिरबाट काँधमा हलो र जुवा हालेर, सानो सिपकिलोले दुइटा झालेमाले गोरु धपाउँदै एउटा अधबैंसे गाउँले खोलातिर झर्यो । त्यो हली त बराबर हाम्रो बारी जोत्न आउने टुल्के थापा हुनाले मैले चिनेकै थिएँ । एउटा चिनेको मानिस आउँदा मेरो मन अलि ढुक्क भयो । त्यहीँ उभिएर माइलीको तमासा हेरिरहेँ । यतिन्जेल त्यो हली पनि माइलीको नजिकै आइपुगेर उसलाई जिस्काउन थाल्यो, "माइली तँलाई लिन जन्ती लिएर कहिले आऊँ ? हिँडेर जान्छेस् कि उलिन्काठ नै चाहिन्छ ? माइली फेरि उतापट्टि जाइलागी । गोठालो ठिटाले फुर्सद पायो । ऊ चाहिँ माइलीको गाली सुनेर मस्त परेर हाँस्दै आयो । मेरो नजिक आइपुगेपछि एकछिन उभिएर मसँग कुरा गर्यो । फुर्सद पाएर उसका गोरु बगरको हरियो घाँस लुछ्न थाले ।

मैले पनि आफूले गाली खाएको कुरा संक्षेपमा सुनाएँ । हामी दुई कुरा गरुञ्जेल त्यो गोठालो ठिटो एकनाससँग मेरो मुखमा हेरेर उभियो । माइली चाहिँ जहाँको त्यहीँ बसेर बिचबिचमा टेढो आँखाले मलाई हेर्दै अस्पष्ट शब्दको गनगन सहित रातो मुख पारेर ओठ चलाइरहेकी देखिन्थी । एक छिनपछि हामी सबै आ-आफ्नो बाटो लाग्यौं । मेरो मनमा लाग्यो ! संगतले कसरी मानिसलाई बौलाहा बनाउँदो रहेछ । बिचरी माइलीको दुच्छरताको कारण त अशिक्षित गाउँले समाज पो रहेछ । ऊ पनि अशिक्षित थिई, त्यसैले मलाई पनि उही थान्कोमा देखी । हो न हो त्यस्तै अश्लील ठट्टा गर्न आयो भन्ने ठानी, अनि गाली गरी । मलाई उसको अवस्थामा विघ्नै दया लाग्यो । बेलुका ओछ्यानमा पल्टेपछि पनि अरू विचारले पालो पाएन, उसैलाई सम्झिरहेँ ।

*-साहित्यपोष्ट डटकम*

# होटल तथा रेष्टुरेण्ट व्यवसायी संघ पाल्पाको अध्यक्षमा बस्याल



**पाल्पा,** असार १५/जिल्लाका होटल तथा रेष्टुरेण्ट व्यवसायीहरुको छाता संगठन पाल्पा होटल तथा रेष्टुरेन्ट व्यवसायी संघमा नयाँ नेतृत्व आएको छ । संघको तानसेनमा भएको चौथो साधारण सभा एवं दोस्रो अधिवेशले नयाँ नेतृत्व चयन गरेको हो ।

जसको अध्यक्षमा लक्ष्मण बस्याल निर्विरोध निर्वाचित भएका छन् । अन्नपूर्ण गार्डेनका सञ्चालक समेत रहेका बस्याल यस अघि संघको महासचिव पदमा रहेर कुसलतापूर्ण जिम्मेवारी निर्वाह गरेका थिए । संघको महासचिव हुँदा राम्रै जिम्मेवारी पुरा गरेका कारण उनलाई अहिले संघले अध्यक्षको जिम्मेवारी दिएको हो । अधिवेशनले संघको वरिष्ठ उपाध्यक्षमा अशोक थापा, उपाध्यक्षमा शुसिल नेपाल, महिला उपाध्यक्षमा रञ्जना अर्याल, महासचिवमा जयराम सापकोटा, सचिवमा धिरेन्द्र प्रधान, कोषाध्यक्षमा अमन श्रेष्ठ र सह कोषाध्यक्षमा मुकेश जिसीलाई चयन गरेको छ । यस्तै सदस्यहरुमा मणिकान्त न्यौपाने, अशोक महर्जन, रविन्द्र बज्राचार्य, श्रवण कुमार श्रेष्ठ, शोभा भट्टराई, राम प्रसाद खनाल, टंकनाथ घिमिरे, माधवप्रसाद पाण्डे, विष्णु अधिकारी र कमलप्रसाद पाण्डे रहेको नवनिर्वाचित महासचिव जयराम सापकोटाले जानकारी दिए । अधिवेशनको लुम्बिनी प्रदेशका सांसद तथा पूर्वमन्त्री वीरबहादुर रानाले उद्घाटन गरेका हुन् । सभाको उद्घाटन गर्दै प्रमुख अतिथि समेत रहेका रानाले जिल्लाका होटल तथा रेष्टुरेण्ट व्यवसायीहरुको हकहितमा शसक्त ढंगले लाग्न नयाँ नेतृत्वलाई आग्रह गरे । उनले सरकारले सबैका काम गर्न सक्दैन तर सबैका कुरा सुनेर व्यवसायीहरुलाई काम गर्ने वातावरण सिर्जना गर्न भने सक्ने बताए । सांसद् रानाले आन्तरिक पर्यटन भित्र्याउने दिशामा सोच्न संघलाई आग्रह गरे ।

कार्यक्रमका विशिष्ट अतिथि जिल्ला समन्वय समिति पाल्पाका प्रमुख टंकनाथ खनालले पाल्पा आउने पर्यटकहरुको जानकारीका लागि ठाउँ-ठाउँमा होडिङ बोर्ड राख्ने कुरामा ध्यान दिन संघलाई आग्रह गरे । उनले भने 'पाल्पामा आउने पर्यटकहरुलाई कहाँ कस्तो होटल छ र कुन होटल कहाँ छ भन्ने कुरा सहजै थाहा पाउनका लागि होडिङ बोर्ड राख्न आवश्यक छ, त्यसतर्फ संघले ध्यान दिनुपर्छ ।' प्रमुख जिल्ला अधिकारी बन्दुप्रसाद बास्तोताले सम्पुर्ण व्यवसाय अनिवार्य रुपमा दर्ता गरेर मात्र सञ्चालन गर्नुपर्ने र त्यसो नगरेको पाइएमा कानुन अनुसार कारवाही हुन सक्ने बताए । उनले भने 'व्यवसायमा लगानी गरेको छु भनेर मात्र नहुने र लगानी गर्नेले व्यवसायबाट आम्दानी लिन रात दिन नभनेर खट्नुपर्ने अवस्था रहेको छ ।' कार्यक्रममा नेपाली काँग्रेसका पाल्पाका कार्यवाक सभापति झपेन्द्र गैरे, नेकपा एमालेका जिल्ला अध्यक्ष धनेन्द्रराज घिमिरे, नेकपा माओवादीका जिल्ला सचिव मथुरा ढकाल, राष्ट्रिय स्वतन्त्र पार्टीका जिल्ला सचिव सुमन गैरे, राष्ट्रिय प्रजातन्त्र पार्टीका जिल्ला अध्यक्ष डुलबहादुर कुँवर, नेकपा एकिकृत समाजवादीका जिल्ला अध्यक्ष कमल पाण्डे, राष्ट्रिय जनमोर्चाका जिल्ला अध्यक्ष विशाल दर्लामी, तिनाउ गाउँपालिका अध्यक्ष, प्रेम श्रेष्ठ, उद्योग वाविज्य संघका अध्यक्ष शैलेन्द्र भट्टराई, पाल्पा व्यापार संघका अध्यक्ष वामदेव बस्याल, मदिरा व्यवसायी संघका अध्यक्ष लक्ष्मण रेग्मी, करदाता सेवा कार्यालय पाल्पा की कर अधिकृत गीता पाण्डे, होटल व्यवसायी संघका कानुनी सल्लाकार शिवप्रसाद देवकोटा लगायतले अधिवेशन सफलताको शुभकामना व्यक्त गरे ।

कार्यक्रममा कोषाध्यक्ष अशोक महर्जनले संघको आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए । अधिवेशनको उद्घाटन सत्र संघका अध्यक्ष मोहन प्रसाद श्रेष्ठको अध्यक्षता, महिला उपाध्यक्ष रञ्जना अर्यालकरो स्वागत, उपाध्यक्ष जयराम सापकोटाको धन्यवाद ज्ञापन, महासचिव लक्ष्मण बस्यालको सञ्चालनमा भएको थियो ।

# पुष्पलाल राष्ट्रिय पत्रकारिता...

...परिवारमा बाबु मातृका, माईला बाबु विपि र कान्छा बाबु गिरिजा कोईराला नेपाली काँग्रेसको धारमा देशको राजनीति गरे पनि कमल कोइराला भने बामपन्थी धारबाट पत्रकारिताको माध्यमबाट कम्युनिष्ट राजनीतिमा क्रियाशिल रहेका थिए । पुस्कृत व्यक्ति कोइरालाले आफुले केही पाउने भन्दा देशमा लोकतन्त्र, प्रजातन्त्र स्थापनामा आफु क्रियाशिल रहेको बताए । पुष्पलालको विचारबाट प्रभावित भई कम्युनिष्ट पार्टीको राजनीतिमा सक्रिय रहेको र उनै पुष्पलाल स्मृतीको नामबाट पुरस्कृत हुन पाउँदा अत्यन्त खुसी लागेको कोइरालाले बताए ।

कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख टंकनाथ खनालले तानसेन नगरपालिकाले जस्तै अन्य पालिकाहरुले पनि राष्ट्रिय व्यक्तिहरुलाई सम्मनित गर्ने गरी कार्यक्रम ल्याउन अनुरोध गरे । तानसेन नगरपालिकाका कार्यवाहक नगर प्रमुख प्रतिक्षा गाहा सिंजालीले नेपालको प्रजातान्त्रिक आन्दोलनका धरोहरका व्यक्तिहरुको नाममा प्रतिष्ठान गठन गरी प्रजातान्त्रिक आन्दोलनमा महत्वपूर्ण भुमिका खेलेका व्यक्तिहरुलाई सम्झिने गरी पुरस्कार स्थापना गरेको बताइन् । प्रतिष्ठानका संरक्षक तथा निवर्तमान नगर प्रमुख अशोककुमार शाहीले प्रजातान्त्रिक आन्दोलनका योद्धाहरुलाई नयाँ पुस्ताबिच चिनाउन र उनीहरुको योगदानको सम्मान गर्न विपी र पुष्पलाल स्मृती पत्रकारिता पुरस्कार स्थापना गरेको बताए । कार्यक्रममा विश्व प्रेस काउन्सीलका महासचिव किशोर श्रेष्ठले पुरस्कृत कोइरालाको परिचय गराउँदै दृष्टि साप्ताहिकमा कोइरालाको नेतृत्वमा आफुले काम गरेको बताए । कोइरालाले दक्षिण कोरियाको राजदुत हुँदा पाएको तलव समेत व्यक्तिगत रुपमा प्रयोग नगरी पार्टीलाई बुझाएको महासचिव श्रेष्ठले बताए । कार्यक्रममा पत्रकार महासंघ पाल्पाका अध्यक्ष रेखीराम रानाले पुराना ऐतिहासिक व्यक्तिहरुलाई सम्मान गर्न तानसेन नगरपालिकाले राम्रो कामको शुरुवात गरेको बताए । विपि स्मृती प्रतिष्ठानका अध्यक्ष डा.टंकप्रसाद पन्तले आफुहरुले यसैगरी राष्ट्रिय व्यक्तिहरुलाई सम्मान गर्ने योजना रहेको बताए । प्रतिष्ठानका सह-सचिव गणेश ज्ञवालीले पुष्पलालको जीवनी बारे जानकारी गराएका थिए । प्रतिष्ठानका अध्यक्ष गोविन्द भट्टराईको अध्यक्षता, सदस्य शुसिला श्रेष्ठको स्वागत, सदस्य सन्तोष खनालको सञ्चालनमा कार्यक्रम भएको थियो ।

मनको आवाज.............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

## खेलकुद समाचार

# मलेसियालाई पराजित गर्दै नेपाल सेमिफाइनलमा



**काठमाडौं,** असार १५/मलेसियामा जारी एसिसी इस्ट जोन यू-१६ कप क्रिकेट प्रतियोगिताको समूह चरणको अन्तिम खेलमा नेपाल घरेलु टोली मलेसियालाई पराजित गर्दै सेमिफाइनलमा पुगेको छ । मलेसियाको बायोमास ओभल क्रिकेट मैदानमा आज भएको खेलमा नेपालले मलेसियालाई ८४ रनले पराजित गर्दै सेमिफाइनलका लागि यात्रा तय गरेको हो ।

यस जितसँगै नेपाल समुह ए को विजेतासमेत बन्यो । नेपालले मलेसियालाई एक सय ८४ रनको लक्ष्य दिएकामा जवाफमा मलेसिया ३० दशमलव पाँच ओभरमा सबै विकेट गुमाउँदै ९९ रनमा समेटियो । मलेसियाका लागि मोहम्मद हैरिलले ५४ बलमा २५ रन बनाए । त्यस्तै कप्तान मोहम्मद आलिफले १५ रन जोडे भने मुहम्मद अक्रमले १२ रन बनाए । त्यसबाहेक अन्य ब्याटसम्यानले दोहोरो अंकमा रन बनाउन सकेनन् । नेपालका लागि अशोक धामीले चार विकेट लिए भने कप्तान अभिषेक तिवारीले तीन विकेट लिए । त्यस्तै सन्तोष यादवले दुई विकेट लिए । त्यसअघि टस जितेर पहिला ब्याटिङ गरेको नेपालले ३३ दशमलव चार ओभरमा सबै विकेट गुमाउँदै एक सय ८३ रन बनाएको थियो । नेपालका लागि अशोक धामीले सर्वाधिक ५२ रनको योगदान दिए । सुर्यांशु कोइराला र नरेन भट्टले समान २९ रन बनाए । त्यस्तै दीप भुजेलले १५ रन जोडे । निरजकुमार यादव आठ रनमा आउट भए । मलेसियाका लागि मोहम्मद मुकरी, एरिन एकवाल, हरिक हाइकाल र मुहम्मद अक्रमले समान दुई/दुई विकेट लिए भने मोहम्मद फतुलले एक विकेट झारे । यसहारसँगै मलेसिया समूह ए को उपविजेता बन्दै सेमिफाइनलमा पुग्यो । नेपालले पहिलो खेलमा थाइल्यान्डलाई दुई सय २५ रनको फराकिलो अन्तरले पराजित गरेको थियो ।

वर्गिकृत डिस्प्ले


१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# आलमदेवी मन्दिर महिलाका लागि खुला



**गल्याङ,** असार १५/शाह वंशको कूल मन्दिरका रूपमा परिचित 'आलमदेवी'मा कुनै समय महिलालाई प्रवेश निषेध थियो । महिलालाई मन्दिर प्रवेशमा रोक लगाउन एउटा व्यक्ति नै खटाइएका हुन्थे । हिजाआज भने मन्दिर महिलाका लागि समेत खुला गरिएको छ ।

स्याङ्जाको कालीगण्डकी गाउँपालिका-३ स्थित आलमदेवी मन्दिर शाह वंशको कूलदेवता र कूल मन्दिरका रूपमा चर्चित छ । आलमदेवी मन्दिर १३५० सालमा स्थापना भएको हो । यो मन्दिरको शक्तिपीठमध्ये बेग्लै पहिचान र धार्मिक विशेषता छ । मन्दिरमा ठकुरी महिलालाई प्रवेश खुला गरिएको थियो । उनीहरूलाई मन्दिरभित्र पसेर पूजा, दर्शन तथा भेटी चढाउन छुट थियो । तर ठकुरी बाहेकका महिलालाई मन्दिर प्रवेशमा निषेध गरिएको थियो । मन्दिर प्रवेश गर्न रोक लगाइएका कारण अन्य महिला बाहिरबाटै दर्शन एवं पूजा गर्दै आएका थिए । उनीहरूले ल्याएको भेटी मन्दिरका पुजारीलाई अथवा आफूसँग आएका पुरुषलाई भित्र चढाउन दिने चलन थियो । आलमदेवी मन्दिर व्यवस्थापन समितिका अध्यक्ष प्रित थापाले पहिला-पहिला एक जना राखेर ठकुरीबाहेकका महिलालाई मन्दिर प्रवेशमा रोक लगाउने गरिएको बताए । "हिजोआज सबै महिलाका लागि मन्दिर खुला गरिएको छ", उनले भने, "ठकुरीबाहेकका महिला मन्दिरमा प्रवेश गर्दा अनिष्ट हुन्छ भन्ने सुनिन्थ्यो, हिजोआज बाहिरबाट आएका महिला सहजै भित्र पस्छन्, पहिलाको चलनबारे थाहा पाएका महिला अझै पनि मन्दिर छिर्दैनन् ।" अध्यक्ष थापाका अनुसार मन्दिरको सुरुआतदेखि नै चुडाकर्म गरेका रानामगर पुजारी छन् । यहाँ दशैँको नवमीका दिन डेढ घण्टा लामो यज्ञ र नवदुर्गाका विशेष पूजासहित सरकारी पञ्चबलि चढाउने चलन छ । "आलमदेवीमा राँगो, बाख्राको पाठो, कुखुरा, परेवा र भेडालाई बलि चढाइन्छ, भेडा नभए कुभिण्डो प्रयोग गरिन्छ", उनले भने ।

कालीगण्डकी गाउँपालिका अध्यक्ष खिमबहादुर थापाले शाह वंशीय राजाले छाडिदिएको राँगोलाई स्थानीयले बलि चढाउने इतिहास रहेको बताए । "पछिल्लो समय राँगो छाड्ने परम्परा हटेको छ", उनले भने, "गुठी संस्थानको रु ८४ हजार बजेटमार्फत मन्दिरको व्यवस्थापन हुँदै आएको छ ।" आलमदेवी मन्दिरमा तीन सय ६५ दिन नै पूजा हुने गरेको छ । यहाँ एकादशी, औँसी, साउन १ गतेदेखि नागपञ्चमी र सोह्रश्राद्धमा बाहेकका दिन बलि चढाउने गरिएको छ । -रासस

- मदिरा तथा सुर्तिजन्य पदार्थ स्वास्थ्यका लागि हानिकारक छन् ।
- यस्ता वस्तुको उपभोग नगरौं/नगराऔं ।
- मदिरा तथा सुर्तिजन्य पदार्थको विज्ञापन गर्न नपाइने कानूनी व्यवस्था छ ।
- जनस्वास्थ्य सम्बन्धी कानूनको पूर्णरुपमा पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ०५१/०५२,पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई